# जागृति नेपालको विधान

**प्रस्तावना**

आधारभूत भौतिक पूर्वाधारसहितको दिगो, वातावरणमैत्री सामाजिक विकासमा पारस्परिक सद्भाव र सहयोग प्रवर्द्धन गर्ने, विशेषतः ग्रामीण भेगको स्थानीय स्रोतपरिचालनमा आधारित भौतिक तथा मानवीय समृद्धिमा योगदान पुऱ्याउन र यस्तै उद्देश्य राख्ने सङ्घसस्थामिल समन्वयपूर्ण सहकार्य र सहयोगलाई सशक्त पार्न एक संस्था स्थापना गरी सञ्चालन गर्न वाञ्छनीय भएकाले यो विधान बनाइएको छ।

जि. प्र. का. इलामबाट
स्वीकृत विधान
मिति २०६८/१/२८

## परिच्छेद-एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यस विधानलाई **जागृति नेपाल**को विधान २०६८ भनिनेछ।

(ख) यो विधान सम्बन्धित अधिकारीबाट स्वीकृति प्राप्त भएको दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

(क) "विधान" भन्नाले जगृति नेपालको विधान २०६८ लाई सम्झनुपर्छ।

(ख) "संस्था" भन्नाले विधानको धारा ३ अनुसारको संस्थालाई सम्झनुपर्छ।

(ग) "सदस्य" भन्नाले संस्थाको कार्यकारी निकायमा चुन्ने-चुनिने अधिकार पाएको व्यक्ति सम्झनुपर्छ। सो शब्दले संस्थाका कार्यसमितिका पदाधिकारीसमेतलाई जनाउँछ।

(घ) "साधारण सभा" भन्नाले विधानको धारा ११ अनुसारको सभालाई सम्झनुपर्छ।

(ङ) "कार्यसमिति" भन्नाले विधानको धारा १४ अनुसारको कार्यसमिति सम्झनुपर्छ।

(च) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस विधानमा वा यस विधानअन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

३. **संस्थाको स्थापना, कार्यालय र छाप**

१ जगृति नेपाल नामको एक संस्था स्थापना हुनेछ। संस्थाको प्रबन्ध तथा सञ्चालन यस विधानमा उल्लेख भएबमोजिम हुनेछ।

२ संस्थाको मुख्य कार्यालय इलाम जिल्लाको इलाम नगरपालिका वडा नम्बर १ (चोक बजार) मा रहनेछ। स्थानीय अधिकारीको स्वीकृति लिई अन्य जिल्लामा आवश्यकताअनुसार जिल्ला वा शाखा कार्यालय रहन सक्नेछन्।

३ संस्थाको नामको एक छुट्टै छाप र प्रतीक चिह्न हुनेछ। (गोलाकार चिन्हलाई दुइ हातले ग्लोब लाई छुन लागेको जस्तो आकारमा,छापको वरीपरिको भागमा जागृति नेपाल भनी नेपाली भाषा र अंग्रेजीमा लेखेको हुने छ। जसलाई अनुसूचि २ मा छाप लगाएर नमूनाको रुपमा देखाइएको छ।)

जिल्ला प्रशासन कार्यालय

४. **संस्था स्वशासित तथा सङ्गठित संस्था हुने**

१. संस्था एक मुनाफारहित गैरसरकारी अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

२. संस्थाले व्यक्तिसरह चलअचल सम्पत्ति आर्जन, भोगचलन, लेनदेन गर्न वा धितोबन्धक राख्न, बेचबिखन गर्न वा अरू कुनै किसिमले हक-हस्तान्तरण गर्न वा उपयोग गर्न सक्नेछ ।

३. संस्थाले व्यक्तिसरह आफ्नो नामबाट कसैउपर नालिस-उजुर गर्न सक्नेछ । संस्थाउपर पनि व्यक्तिसरह नालिस-उजुर लाग्न सक्नेछ ।

## परिच्छेद-दुई

५. **संस्थाको उद्देश्यहरु :**

संस्थाका उद्देश्य देहायअनुसार रहनेछन् :

१. वातावरणमैत्री, स्थानीय स्रोतसाधनमा आधारित र दिगो विकास र सोमार्फत सामाजिक प्रगतिका लागि उपयुक्त हुने परियोजना विकास गरी कार्यान्वयन गर्ने,

२. परोपकार वा सामाजिक कल्याणको भावनाबाट अभिप्रेरित भई समाजमा विशेष योगदान गरेका व्यक्तिको स्मृति वा समाजसेवी भावना राख्ने व्यक्तिका पितापुर्खाको सम्झनामा स्थापना हुने स्मृतिकोष वा पुरस्कार रासीहरूको संरक्षण र व्यवस्थापनका लागि सचिवालय सेवा उपलब्ध गराउने,

३.स्थानीय क्षेत्रहरूको भौतिक तथा मानवीय समृद्धिका लागि सो स्थान र मुलुकका बिभिन्न भाग तथा विदेशमा रहेका मानिसहरूबाट स्थानीय भौतिक, सामाजिक र मानवीय विकासका लागि हुन सक्ने योगदानको सयोजन र कार्यान्वयन गर्ने-गराउने,

४.आर्थिक, सामाजिक, सास्कृतिक, नागरिक, राजनीतिक र विकाससम्बन्धी मानवअधिकारको प्रवर्द्धन र सरक्षणका लागि क्रियाशील रहँदै विवादसमाधान र न्यायिक पहुँचसँग सम्बन्धित विभिन्न कार्यक्रम सञ्चालन गर्ने,

५.भौतिक, सांस्कृतिक, पर्यटकीय, सञ्चार र सामाजिक विकासका क्षेत्रमा सिर्जनशील काम गर्ने, विसङ्गति, कुलत र विकृतिविरुद्ध सामाजिक अभियान चलाउने र यस्ता विषयमा सुधार र वकालतका लागि नागरिक तहका सेवा र सहयोगलाई क्रियाशील बनाउने,

६. साहित्य, सङ्गीत, कला, सञ्चार, ज्ञानविज्ञानका क्षेत्रमा टेवा पुग्ने क्रियाकलाप र प्रतिभाको प्रोत्साहनका लागि सत्कार, सम्मान गर्ने र अन्य सिर्जनात्मक कार्य गर्ने, र

७. माथिका उद्देश्य परिपूर्तिका लागि प्रकाशन, प्रचारप्रसार तथा अन्य आवश्यक कार्य गर्ने ।

८. शान्ति र मानवअधिकारका मूलभूत सिद्धान्तप्रति संस्था निष्ठावान् रहनेछ र संस्थाको गतिविधिमा मानिसका मर्यादा, समानता र स्वतन्त्रताको हकको पूर्णतः आदर गरिनेछ ।

९. **सदस्यताको अयोग्यता :**

निम्न अवस्थाको व्यक्ति संस्थाको सदस्य हुन अयोग्य मानिनेछ

(क) संस्थाको हितविरुद्ध कदम चालेकोले कारबाई भई सदस्यता खारेज भएको ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको ।

(ग) काम गर्न नसक्ने गरी मानसिक रूपले अस्वस्थ भएको ।

(घ) गैरनेपाली नागरिक ।

१०. **सदस्यताको समाप्ति**

निम्न अवस्थामा संस्थाका सदस्यको सदस्यता समाप्त भएको मानिनेछ :

(क) लिखित राजीनामा दिएमा ।

(ख) साधारण सदस्यले सदस्यता नवीकरण नगराएमा ।

(ग) संस्थाको हितप्रतिकूल कार्य गरेको कारबाईको सिलसिलामा कार्यसमितिले सदस्यता खारेज गरेमा ।

तर यसरी सदस्यता खारेज गर्ने गरी भएको निर्णयउपर साधारण सभामा पुनर लाग्नेछ ।

(घ) मृत्यु भएमा ।

## परिच्छेद-चार

## साधारण सभा र कार्यसमितिसम्बन्धी व्यवस्था

११ **साधारण सभा :**

(क) आजीवन र साधारण सदस्यहरूको उपस्थितिबाट साधारण सभा सञ्चालन हुने मानार्थ सदस्यले साधारण सभाको पर्यवेक्षण गर्न पाउनेछन् ।

(ख) साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ । साधारण सभामा बहुमत सदस्य गरेको निर्णय साधारण सभाको निर्णय मानिनेछ ।

१२ **साधारण सभाको अधिवेशन र विशेष साधारण सभासम्बन्धी व्यवस्था :**

१. **साधारण सभाको अधिवेशन :**

(क) साधारणतया कार्यसमितिको निर्णयअनुसार सचिवले हरेक वर्ष एक पटक साधारण सभाको बैठक बोलाउनेछन् ।

(ख) साधारणसभाको अधिवेशन बोलाउ□दा अधिवेशन बस्ने मिति, स्थान र छ विषय समेत खोली सकेसम्म १५ दिन अगावै सबै सदस्यहरूलाई पठाइनेछ ।

(ग) सम्पूर्ण सदस्यसङ्ख्याको ४० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा सभाको गणपूरक सङ्ख्या पुगेको मानिनेछ । पहिलो पटक गणपूरक सङ्ख्या नपु

९. खुला प्रजातान्त्रिक अभ्यास र पारदर्शिताका सिद्धान्तमा आधारित भएर संस्थाका क्रियाकलाप अगाडि बढाइनेछन् र धार्मिक, सांस्कृतिक, लैङ्गिक, साम्प्रदायिक र सामाजिक सद्भाव संस्थाको जीवन्त आदर्श रहनेछ,

१०. संस्थाका सबै क्रियाकलाप दलीय राजनीतिको प्रभावबाट मुक्त रहनेछन् र विकास मानिसका लागि हो भन्ने कुरालाई संस्थाले आत्मसात गर्नेछ र लाभवञ्चितहरूको हितसंरक्षण संस्थाको प्राथमिकताको विषय हुनेछ,

११. मानवीयताको प्रतिकूल हुने र हिंसालाई प्रोत्साहन हुने कुनै पनि क्रियाकलापमा संस्था सहभागी हुन सक्नेछैन ।

## परिच्छेद-तीन

## सदस्यतासम्बन्धी व्यवस्था

### ७. सदस्यताको किसिम र प्रदान गर्ने विधि

(क) संस्थाका साधारण, आजीवन र मानार्थ सदस्य हुनेछन् ।

(ख) संस्थाको स्थापनार्थ यस विधानमा हस्ताक्षर गर्ने सदस्यहरूलाई यसको संस्थापक सदस्य मानिनेछ । संस्थापक सदस्यले चुन्नेचुनिनेलगायतका वैधानिक अधिकार प्रयोग गर्न पाउनेछन । संस्थापक सदस्यहरूले आफ्नो सदस्यता आजीवन सदस्यता लिई वा साधारण सदस्यताको नवीकरण प्रक्रियाद्वारा अविच्छिन्न राख्नुपर्नेछ ।

(ग) सदस्यता लिन योग्य भई तोकिएबमोजिम साधारण सदस्यता पाई समयसमयमा नवीकरण गराउने व्यक्ति संस्थाको साधारण सदस्य हुनेछ । साधारण सदस्यले चुन्नेचुनिनेलगायतका वैधानिक अधिकार प्रयोग गर्न पाउनेछन् । साधारण सदस्यले हरेक वर्ष सदस्यता तोकिएबमोजिम नवीकरण गर्नुपर्नेछ ।

(घ) आजीवन सदस्यता शुल्कबापत संस्थालाई एक मुष्ठ १०,००० -(दस हजार) रुपैया बुझाई तोकिएअनुसार सदस्यता लिन योग्यता पुगेको व्यक्तिले आजीवन सदस्यता प्राप्त गर्न सक्नेछ । आजीवन सदस्यले सदस्यता नवीकरण गरिरहनुपर्नेछैन । आजीवन सदस्यले साधारण सदस्यसरहका सबै अधिकारहरू प्रयोग गर्न सक्नेछन् ।

(ङ) संस्थालाई विभिन्न तरिकाले विशिष्ट योगदान पुर्‍याउने संस्था वा व्यक्तिलाई कार्यसमितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । मानार्थ सदस्यलाई चुन्ने र चुनिनेबाहेक अन्य अधिकार रहनेछन् ।

(च) साधारण सदस्यताशुल्क, नवीकरण तथा सदस्यताबारेको कार्यविधिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

### ८. सदस्यको योग्यता :

संस्थाको सदस्य हुन चाहने, विधान उद्देश्यप्रति प्रतिबद्ध रहने र पालना गर्ने १६ वर्ष उमेर पुगेको नेपाली नागरिक भई कार्यसमितिले उपयुक्त ठानेको व्यक्ति संस्थाको सदस्य हुन योग्य मानिनेछ ।

साधारण सभा बोलाउनुपरेमा २० प्रतिशतले गणपूरक संख्या नपुगी पुनः सभा बोलाउनुपरेमा २०प्रतिशत ले गणपूरक संख्या पुऱ्याएको मानिनेछ ।

(घ) साधारण सभाका बहुमत सदस्यको निर्णय साधारण सभाको निर्णय मानिनेछ ।

२. **विशेष साधारण सभा :**

सम्पूर्ण सदस्य संख्याको २५ प्रतिशतभन्दा बढी सदस्यहरूले विशेष साधारण सभा बोलाउन कारणसहित लिखित रूपमा सचिवलाई जनाउ दिएमा सचिवले सात दिनको सूचना दिई विशेष साधारण सभा बोलाउनेछन् ।

१३. **साधारण सभा को काम, कर्तव्य र अधिकार :**

(क) कार्यसमितिले विचारार्थ प्रस्तुत गरेको कार्यसूचिमा विचार गरी आफ्नो निर्णय दिने ।

(ख) संस्थाको वार्षिक कार्यक्रम, आय-व्ययसम्बन्धी विरिण विचार गरी स्वीकृत दिने ।

(ग) प्रस्तावनाको भावना प्रतिकूल असर नपर्ने गरी विधान संसोधन गर्ने ।

(घ) लेखापरीक्षक नियुक्त गर्ने ।

(ङ) संस्थाका नीति निर्धारण गर्ने ।

(च) विगतको कार्यप्रतिवेदन, आय-व्यय विवरण तथा बजेटमाथि छलफल गरी पारित गर्ने ।

(छ) निर्वाचन प्रक्रियाद्वारा कार्यसमितिको चयन गर्ने ।

(ज) कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

१४. **कार्यसमितिको गठन :**

(क) संस्थाको नियमित कार्य सञ्चालन गर्न घटीमा ७ र बढीमा ११ जनासम्मका बिजोडी संख्यामा पदाधिकारी तथा सदस्य रहने एक कार्यसमिति रहनेछ । साधारण सभाका सदस्यहरूले आफूमध्येबाट कार्यसमितिका सदस्य निर्वाचित गर्नेछन् ।

(ख) यस धाराको उपधारा (क) बमोजिम निर्वाचित हुने कार्यसमितिका पदाधिकारीमा साधारण सभाबाट निर्वाचित अध्यक्ष-एक, उपाध्यक्ष-एक, सचिव-एक, कोषाध्यक्ष-एक र कम्तीमा ३ देखि बढीमा ७ जना सदस्य रहनेछन् ।

(ग) कार्यसमितिका पदाधिकारीको पदावधि दुई वर्षको हुनेछ ।

(घ) कुनै पदाधिकारी कार्यसमितिका उही पदाधिकारमा दुई पटकभन्दा बढी अवधिका लागि निरन्तर रहने गरी निर्वाचनमा उम्मेदवार हुन सक्नेछैन ।

१५. **पदाधिकारीको पदाधिकार समाप्ति :**

निम्न अवस्थामा पदाधिकारीको पद रिक्त भएको मानिनेछ :

(क) लिखित राजीनामा स्वीकृत भएमा ।

(ख) यस संस्थाको सदस्य नरहेमा ।

(ग) मुनासिबमाफिकको कारणबेगर बिना सूचना लगातार तीन पटकसम्म कार्यसमितिको बैठकमा अनुपस्थित रहेमा ।

## परिच्छेद-छ

## आर्थिक व्यवस्था र सम्पत्तिको सुरक्षा

१९. **आर्थिक स्रोत**

संस्थाको प्रमुख आर्थिक स्रोत देहायबमोजिमका हुनेछन् :

(क) सदस्यता शुल्क तथा नविकरण शुल्कबाट प्राप्त भएको रकम ।

(ख) संस्थाको नाममा दाता वा समाजसेवीहरूबाट प्रदान गरिको सहयोग रकम ।

(ग) संस्थाद्वारा सञ्चालित कार्यक्रमबाट प्राप्त हुने रकम ।

(घ) नेपाल सरकार वा अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ- संगठनबाट प्राप्त हुने अनुदान सहयोग । वैदेशिक सहायता लिंदा नेपाल सरकारको पूर्वस्वीकृति लिइनेछ ।

(ङ) संस्थाले आर्जेको अन्य रकम ।

२०. **कोष**

(क) संस्थाको एक छुट्टै कोष हुनेछ । कोषको संरक्षण गर्ने पूर्ण जिम्मेवारी अध्यक्षको सामान्य रेखदेखमा कोषाध्यक्षको हुनेछ । संस्थाका नाममा प्राप्त हुने सम्पूर्ण रकम सोही कोषमा रहने छ । कोषको यस्तो रकम पायक पर्ने बैंकमा जम्मा गरिनेछ र बैंकखाता संस्थाको अध्यक्ष र वा सचिव र कोषाध्यक्षको नामबाट कुनै दुई जनाको हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(ख) संस्थाको तर्फबाट खर्च गरिंदा तोकिएबमोजिम गरिनेछ ।

२१. **लेखापरीक्षण**

संस्थाको सबै नगद जिन्सीको स्नेस्ता दोहारो लेखाप्रणालीद्वारा व्यवस्थित गरिनेछ र इजाजतप्राप्त लेखापरीक्षकबाट प्रत्येक वर्ष लेखापरीक्षण गराइनेछ । लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित निकायसमक्ष पठाइनेछ ।

२२. **सम्पत्तिको सुरक्षा**

(१) संस्थाको चलअचल सम्पत्तिको अभिलेख दुरुस्त राखिनेछ ।

(२) संस्थाको सम्पत्ति सुरक्षा गर्ने जिम्मेवारी कार्यसमितिको हुनेछ ।

## परिच्छेद-आठ

## विविध

२३. **निर्वाचनसम्बन्धी व्यवस्था**

(क) कार्यसमितिको निर्वाचन प्रत्येक दुई वर्षमा साधारण तथा आजीवन सदस्यहरूबाट साधारण सभाको अधिवेशनमा गरिनेछ। कार्यसमितिको निर्वाचन प्रयोजनका लागि एक तीन सदस्यीय निर्वाचन समितिको गठन साधारणसभाले गर्नेछ।

(ख) पदावधि समाप्त नहुँदै कार्यसमितिका कुनै पदाधिकारीको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिका लागि सदस्यहरूबाट मनोनित गरी कार्यसमितिले रिक्त पदपूर्ति गर्न सक्नेछ।

(ग) दर्ताकालमा संस्थाका संस्थापक सदस्यहरूबाट एक तदर्थ समिति गठन हुनेछ। जसले विधानबमोजिम छ महिनाभित्र साधारण सभा बोलाई नयाँ कार्यसमितिको गठन गर्ने,गराउनेछ।

(घ) निर्वाचनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२४. **अविश्वासको प्रस्ताव**

(क) कुनै सदस्यउपर अविश्वासको प्रस्ताव ल्याउन कार्यसमितिका एकतिहाइ सदस्यको हस्ताक्षर आवश्यक पर्नेछ।

(ख) सदस्यविरुद्ध ल्याइएको अविश्वासको प्रस्तावउपर सम्बन्धीत व्यक्तिलाई सफाइ दिने मौका नदिई छलफल गरिने वा पारित गरिनेछैन।

(ग) कार्यसमितिको दुईतिहाई बहुमतद्वारा अविश्वासको प्रस्ताव पारित हुन सक्नेछ। यसरी अविश्वासको प्रस्तावद्वारा सदस्यताबाट हटाउने निर्णयउपर साधारणसभाम पुनरावेदन लाग्नेछ।

२५. **विधानसंशोधन**

(१) विधान संशोधन गर्ने अधिकार साधारण सभालाई हुनेछ।

(२) विधानमा संशोधन गराउन चाहने सदस्यले कार्यसमितिसमक्ष संशोधनप्रस्ताव पेस गर्न सक्नेछ।

(३) कार्यसमितिले विधानसंशोधनप्रस्ताव साधारण सभामा पेस गर्नेछ। साधारण सभाको दुई तिहाइ बहुमतद्वारा यस्तो संशोधन पारित हुनेछ।

२६. **नियम बनाउने**

कार्यसमितिले प्रचलित कानुन र यस विधानका अधीनमा रही संस्थाको उद्देश्य पूरा गर्नको लागि र आन्तरिक कार्यविधि व्यवस्थित गर्न आवश्यक विनियम तथा कार्यनिर्देशिका बनाउन सक्नेछ। साधारण सभाबाट अनुमोदन भएपछि विनियम वा कार्यनिर्देशिका पारित हुनेछ।

२७. **प्रचलित नेपाल कानुनबमाजिम हुने**

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

(च) संस्थाका कर्मचारीहरूको नियुक्ति, बढुवा, एवं निवृत्तिसम्बन्धी सबै प्रशासनिक निर्णय गर्ने ।

**(आ) उपाध्यक्ष**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्य गर्ने ।

(ख) अध्यक्षका कार्यमा आवश्यक सरसहयोग गर्ने ।

**(इ) सचिव**

(क) साधारण सभामा कार्यसमितिका निर्णयअनुरूप सभाको कार्य सञ्चालन गर्ने ।

(ख) संस्थाका सबै प्रशासनिक कार्यहरूको निगरानी राखी कर्मचारीहरूलाई दैनि प्रशासनिक कार्यमा निर्देशन दिने र समन्वय गर्ने ।

(ग) साधारणसभा, कार्यसमितिका बैठकमा उपस्थित भई बैठकमा पेस भएको प्रस्ताव र प्रस्तावउपर भएको निर्णयको अभिलेख व्यवस्थित गर्ने ।

(घ) अध्यक्षसंग परामर्श गरी कार्यसमितिको बैठक बोलाउने ।

(ङ) साधारण सभा र कार्यसमितिको बैठकको निर्णयपुस्तिका जिम्मा लिने ।

(च) अध्यक्षसंग समन्वय राखी कार्यसमितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

(छ) संस्थाले गर्नुपर्ने सम्पूर्ण पत्रचारसम्बन्धी कार्यहरू गर्ने ।

**(ई) कोषाध्यक्ष**

(क) संस्थाको सम्पूर्ण नगद जिन्सीको जिम्मा लिने र तत्सम्बन्धी लेखा राख्ने ।

(ख) प्रत्येक वर्ष संस्थाको आम्दानी खर्चसम्बन्धी बिस्तृत विवरण तयार पारी कार्यसमिति र सोमार्फत् साधारण सभामा पेस गर्ने ।

(ग) समय-समयमा आम्दानी खर्चको विवरण तोकिएको अधिकारी समक्ष पेस गर्ने ।

(घ) वार्षिक बजेटअनुरूप खर्च गर्ने व्यवस्था मिलाउने ।

(ङ) आर्थिक विषयमा अन्य कार्य गर्ने ।

**(उ) सदस्य**

(क) अन्य पदाधिकारीलाई दैनिक कार्यमा सहयोग गर्ने ।

(ख) कार्यसमितिको बैठकमा निर्णय गर्दा मतदानमा भाग लिने ।

(ग) तोकिएका अन्य कार्य गर्ने ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय